# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/११/११ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

महानगरीय प्रहरी प्रभाग दधीकोट भक्तपुरका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायव निरीक्षक कुमार श्रेष्ठ र प्रहरी जवान उमेशकुमार थापाले सोही प्रहरी कार्यालयमा परेको उजुरी मिलापत्र गराईदिए बापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निज प्रहरी जवान उमेशकुमार थापालाई रु.१८,०००/- (अठार हजार) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले सोही कार्यालयका प्रहरी नायव निरीक्षक कुमार श्रेष्ठबाट सेवाग्राहीसँग प्राप्त गरेको घुस बापतको रकममध्ये रु.२,०००/- (दुई हजार) समेत लिएको खुल्न आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु.२०,०००/- (वीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन साथै उक्त घुस लेनदेन प्रक्रियामा संलग्न प्रहरी नायव निरीक्षक कुमार श्रेष्ठले सेवाग्राहीसँग रु.२०,०००/- (वीस हजार) र प्रहरी जवान उमेशकुमार थापासँग बरामद भएको रु.१८,०००/- (अठार हजार) मात्र समेत गरी रु.३८,०००/- (अड्तीस हजार) घुस रकम लिएको पुष्टी हुन आएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले बिगो रु.३८,०००/-(अड्तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता